# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१


प.सं: २०८२/८३
सु.नं. ९५

**पशु चिकित्सक पद सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।**

(दोस्रो पटक प्रकाशित मितिः २०८२/०५/२२/ने.सं. ११४५ ञलाथ्व १५ आइतबार)

यस कार्यालयको लागि आवश्यक पशु चिकित्सक पद सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएको योग्यता तथा अनुभव पूरा भएका इच्छुक नेपाली नागरिकबाट तपसिलमा उल्लेख भए अनुसारका कागजातहरु सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त दिन आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारले नियमानुसार तोकिएको दस्तुर यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक ओखलढुङ्गा शाखाको हि.नं. २०७०१००३०१०१०००३ मा जम्मा गरिएको सक्कल भौचर वा कार्यालयको राजस्व शाखामा नगद बुझाएको सक्कल रसिद सहित कार्यालय समयभित्र दरखास्त दिनुपर्नेछ । आवेदन फाराम, कार्य विवरण सहितको विस्तृत विवरण कार्यालय समयभित्र कार्यालयको प्रशासन शाखा तथा नगरपालिकाको वेवसाइट www.siddhicharanmun.gov.np बाट समेत उपलब्ध हुनेछ।

**तपसिलः**

| विज्ञापन नम्बर | पद/तह | आवश्यक संख्या | दस्तुर |
|---|---|---|---|
| ०१।०८२।०८३ | पशु चिकित्सक (अधिकृतस्तर छैटौं) | १ (एक) | रु.१०००।- |

**आवश्यक न्यूनतम योग्यता र अनुभवः**

- नेपाली नागरिक,
- मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह **(B.V.Sc. &A.H./B.V.Sc.)** उत्तीर्ण गरेको र परिषदमा दर्ता भएको,
- प्रचलित कानून बमोजिम अयोग्य नभएको,
- उम्मेदवारको उमेरको हद : दरखास्त दिने अन्तिम दिनसम्म २१ बर्ष पूरा भई ३५ बर्ष ननाघेको र महिला तथा अपाङ्गताको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

**आवेदनमा संलग्न गर्नुपर्ने कागजातहरुः** पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयमले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।

क) उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,
ख)परिषद दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
ग) नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
घ)३ प्रति पासपोर्ट साईजको फोटो,
ङ) अनुभव वा तालिम लिएको भए सो को प्रमाणित प्रतिलिपि।

**थप जानकारीः**

१. **छनौट विधि :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा र मौखिक अन्तरवार्ता परीक्षा।
२. **लिखित परिक्षा हुने मिति, स्थान र समय :** पछि प्रकाशन गरिनेछ।
३. **दरखास्त फारम :** नगरपालिकाको कार्यालय तथा वेवसाइटमा उपलब्ध हुनेछ ।
४. **दरखास्त दिने अन्तिम मिति :**२०८२।०६।०५ गते कार्यालय समयभित्र सो दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलि-पल्ट सम्म हुनेछ ।
५. **दरखास्त दिने स्थान :** सिद्धिचरण नगरपालिका नगर कार्यपालिकाको कार्यालय,ओखलढुंगा ।
६. **तलबः** स्थानीय तहको अधिकृतस्तर छैटौं वा सो सरहलाई तोकिएको सुरू तलव स्केल।
७. कार्यालयको वेवसाइटमा रहेको आवेदन फारम भरेर स्क्यान गरी दस्तुर बुझाई नगरपालिकाको आधिकारिक इमेल ठेगाना **www.siddhicharanmunicipality@gmail.com** मा समेत दरखास्त पठाउन सकिन्छ।

**थप जानकारीको लागि प्रशासन शाखा, ९८५२८४३३३३ मा सम्पर्क गर्न सकिनेछ ।**

२०८२।५।२२
सुस्मा आचार्य
अधिकृतस्तर आठौं